# यशोधरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बैदौली, कपिलवस्तु
(लुम्बिनी प्रदेश, नेपाल)

पत्र संख्या :- ०७९।८० (सामाजिक विकास शाखा)
चलानी नम्बर :- ५०६

मिति : २०७९।०६।१४

**विषय : "जागरुक उपभोक्ता, जिम्मेवार बिक्रेता" अभियान ।**

श्री सम्पूर्ण उपभोक्ता, बिक्रेता ज्यू
यशोधरा गाउँपालिका,
बैदौली, कपिलवस्तु ।

प्रस्तुत विषयमा बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको च.नं. २६१-०७९।८०, मिति २०७९।०६।०५ गतेको प्राप्त पत्र अनुसार उपभोक्ता हक हितको संरक्षण गर्न विभागले **"जागरुक उपभोक्ता, जिम्मेवार बिक्रेता"** अभियान आरम्भ गरे अनुसार देहायको कार्य गर्नु/गराउनु हुन अनुरोध छ ।

- गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्नु उपभोक्ताको अधिकार हो; प्रवाह गर्नु बिक्रेताको कर्तव्य ।
- विना भेदभाव वस्तु वा सेवा खरिद गर्न पाउनु उपभोक्ताको अधिकार हो; प्रवाह गर्नु बिक्रेताको कर्तव्य ।
- आफूले प्रदान गर्ने वस्तु वा सेवाको नाम र सोको मूल्यसूची स्पष्ट रुपमा सबैले देख्ने ठाउँमा राख्नु बिक्रेताको कर्तव्य हो; हेर्न पाउनु उपभोक्ताको अधिकार ।
- वस्तु वा सेवा खरिद गर्दा भुक्तानी गरेको मूल्य बराबरको बिजक प्राप्त गर्नु क्रेताको अधिकार हो; आफूले प्राप्त गरेको रकम बराबरको बिजक जारी गर्नु बिक्रेताको कर्तव्य ।
- खरिद गर्न चाहेको वस्तु वा सेवाको मूल्य, परिणाम, शुद्धता र गुणस्तर बारेका सूचित हुन पाउने उपभोक्ताको अधिकार हो; त्यस्तो सूचना दिनु बिक्रेताको कर्तव्य ।
- वस्तु वा सेवाको प्रयोगवाट भएको हानि, नोक्सानी विरुद्ध क्षतिपूर्ति पाउने उपभोक्ताको अधिकार हो; त्यस्तो क्षतिपूर्ति दिनु बिक्रेताको कर्तव्य ।
- खरिद बिक्री गरिने वस्तुमा उत्पादन मिति तथा उपभोग्य मिति उल्लेख छ छैन ख्याल गरौं । उपभोग्य मिति समाप्त भैसकेको वस्तु बिक्री गर्नु कानून बमोजिम दण्डनीय अपराध हो ।
- वजारमा कुनै पनि वस्तुको कृत्रिम अभाव सिर्जना गर्नु कानून बमोजिम दण्डनीय अपराध हो ।
- अनुचित मुनाफा राखी वस्तु तथा सेवा बिक्री गर्नु कानून बमोजिम दण्डनीय अपराध हो ।
- खाद्य पदार्थलाई आकर्षक देखाउन अखाद्य रङ्ग वा पदार्थको प्रयोग गर्नु कानून बमोजिम दण्डनीय अपराध हो ।

**उपभोक्ता हित संरक्षण अभियानमा-**
**मेरो सहकार्य ! तपाईको सहकार्य !! हामी सबैको सहकार्य !!!**

०७९।६।१४

प्रमुख प्रशासकीय अधिकृत